आज मिति २०८०/८/२० गते बुधबारका दिन यस सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्ण बहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जाल बहादुर तामाङ | |
| ८. | का.वा. वडा अध्यक्ष | ~~चक्र बहादुर बस्नेत~~ माया लामा | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |
| **अन्य उपस्थिति** | | | |
| **१.** | **अधिकृत छैठौं** | **युगबहादुर खड्का** | |

२०८० मंसिर २० गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

छलफलका विषयवस्तुहरु :

१. सम्झौता अनुसारको बाँकी रकम उपलब्ध गराउने सम्बन्धमा

२. आर्थिक सहायता माग भई आएको सम्बन्धमा ।

३. व्यावसायिक गाई /भैंसी पालन तथा कृषि अनुदान वितरण कार्यविधि, २०८०

४. गाउँपालिका केन्द्र भवनको लागि निशुल्क जग्गा उपलब्ध गराउन इच्छुकहरुमा सूचना प्रकाशन गर्ने सम्बन्धमा

५. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ को दफा ६ बमोजिम गाउँपालिका भित्रका लाभग्राहीहरुलाई गाउँपालिकाले व्यहोर्नु पर्ने सहभागिताको उपलब्ध गराउने सम्बन्धमा

६. गाउँपालिकाको लोगो र गान निर्माण सम्बन्धी प्रस्ताव आव्हान गर्ने सम्बन्धमा

७. भोटेकोशी पावर कम्पनिले सेतिदेवी शारदा मा.वि.लाई गाउँपालिकाको खातामा निकाशा गरेको रकम सम्बन्धमा

८. मोटर साइकल खरिद सम्बन्धमा ।

९. सामुदायिक विद्यालयहरुमा कार्यरत राहत तथा करारमा कार्यरत शिक्षकहरुको करार सम्झौता सम्बन्धमा ।

१०. प्रविधि हस्तान्तरणको रकम फिर्ता सम्बन्धमा ।

११. ७ नं. वडाको स्वास्थ्य चौकी नयाँ भवनमा स्थानान्तरण सम्बन्धमा ।

१२. संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक बर्ष २०८१/०८२ मा सञ्चालन हुने आयोजना/ कार्यक्रम सम्बनुधमा ।

१३. वडास्तरीय योजना संशोधन सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सुनकोशी गाउँपालिका वडा नं. ७ निवासी राजकुमार कार्कीले आर्थिक बर्ष २०७८/०७९ मा खाडीचौर कोठे सडक मर्मत सम्भारको लागि आफू उपभोक्ता समितिको अध्यक्ष भई गाउँपालिकामा योजना सम्झौता गरी कार्य पूरा गरेको र समझौता बमोजिम रु. ८,७७,०००। उपभोक्ता



मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

[illegible] प्रसाद तिम्सिना
गा.पा. अध्यक्ष

२०८० मंसिर २० गते बसेको गाउँकार्यपालिका बैठकको निर्णयहरु

समितिलाई भुक्तानी दिन बाँकी रहेको र निजले फिराद दायर गर्दा खर्च भएको अदालती शुल्क रु १७,१५५ समेत भुक्तानी दिनु भन्ने सिन्धुपाल्चोक जिल्ला अदालत चौताराको फैसला भइ आएको र तत्कालिन उपभोक्ता समितिका अध्यक्ष राजकुमार कार्कीले मिति २०८०।०७।२० मा गाउँपालिकामा दिनु भएको निवेदन बमोजिम रु. ८,९४,१५५। आ.व. २०७९/०८० को दायित्व सार्ने शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिमर रकम आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | माग गर्नेको नामथर | वडा नं. | माग गर्नाको कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | रामहरी तिमल्सिना | ७ | छोरा भविनराज तिमल्सिना नफ्रोटिक सिन्ड्रम नामक मृगौलाको रोगबाट पीडित भएको र लामो समयसमम्म उपचार गरिरहनुपर्ने | ६५,०००। | |
| २. | विना बराल | ५ | मृगौलाका समस्या | ३५,०००। | |
| ३. | पविन दर्जी | २ | ब्लड क्यान्सर | ३५,०००। | |
| ४. | सरीता बुढाथोकी | ७ | क्यान्सर | ५०,०००। | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा संघीय विशेष अनुदान तथा गाउँपालिकाबाट विनियोजन भएको समेत कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० पारित गरी राजपत्रमा प्रकाशनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा २०७३ सालमा गठन भएको यस सुनकोशी गाउँपालिकाको आफ्नै प्रशासनिक भवन हालसम्म पनि जग्गाको उपलब्धता नहुँदा निर्माण हुन नसकेको परिस्थितिलाई मध्यनजर गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।५।२६ को बैठकले स्वीकृत गरेको मापदण्ड बमोजिम गाउँपालिकाको प्रशासनिक भवन निर्माणको निमित कम्तिमा ६ रोपनी आवश्यक पर्ने हुँदा ६ रोपनी जग्गा निशुल्क उपलब्ध गराउन इच्छुक जग्गादाताहरुलाई निशुल्क रुपमा सुनकोशी गाउँपालिका वडा नं. १ देखि ७ भित्रका जग्गादाताहरलाई जग्गा उपलब्ध गराउन पैंतीस दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै यसरी सूचना प्रकाशन पश्चात प्राप्त जग्गाधनी महानुभावहरुको विवरण सुनकोशी गाउँ कार्यपालिका वैठक समक्ष पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।५।२६ को बैठकले स्वीकृत गरेको मापदण्ड बमोजिम गाउँपालिकाको प्रशासनिक भवन निर्माणको निमित कम्तिमा ६ रोपनी आवश्यक पर्ने हुँदा ६ रोपनी जग्गा निशुल्क उपलब्ध गराउन इच्छुकहरुमा १५ दिने सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

राजेन्द्र कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०८० मंसिर २० गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ को दफा ६ ख बमोजिम गाउँपालिका भित्र कायम भएका ९ जना लाभग्राहीहरुको १० प्रतिशत सहभागिताको रकम प्रति लाभग्राही रु.५०,०००। का दरले गाउँपालिकाले व्यहोर्नु पर्ने जिल्ला प्रशासन कार्यालय/जिल्ला विपद् व्यषवस्थापन समिति सिन्धुपाल्चोकको खातामा सम्झौता भए पश्चात विपद् व्यवस्थापन कोषबाट रु. ४,५०,०००। सम्म उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा संविधान तथा प्रचलित कानूनको अधिनमा रही स्थानीय सरकारको जिम्मेवारीमा रहेको गाउँपालिकाको आफ्नै लोगो र गान नभएको र सो निर्माण गर्न आवश्यकता महसुस भएको हुँदा इच्छुक व्यक्ति वा प्रचलित कानून बमोजिम स्थापित फर्म प्रतिस्पर्धात्मक रुपमा छुट्टा छुट्टै आर्थिक प्रस्ताव र लोगो (लोगोको लागि) तथा आर्थिक प्रस्ताव र गान (गानको लागि) पेश गर्न सार्वजनिक सूचना आव्हान गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा भोटेकोशी पावर कम्पनिले विद्‌यालय सुधार कार्यको लागि वडा नं. ७ मा रहेको सेतिदेवी शारदा मा.वि.लाई उपलब्ध गराउन गाउँपालिकाको खातामा निकाशा गरेको रु. ७,००,०००। सम्बन्धित विद्‌यालयको खातामा निकासा गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कार्यालयमा साविकमा कायम रहेका सवारी साधन अपुग भई नियमित कार्य सम्पादनमा समस्या भएको हुँदा अफरोड उपयोग गर्न मिल्ने थप एक थान मोटरसाइकल शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्ने र उक्त मोटरसाईकल खरीद वापतको रकम आ.व. २०७९/८० को दायित्व सार्ने शीर्षकमा बचत रहको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा सामुदायिक विद्‌यालयहरुमा कार्यरत राहत तथा करारमा कार्यरत शिक्षकहरुको करार सम्झौताको म्याद थप गर्दा बार्षिक रुपमा करारा म्याद थप नवीकरण गर्न नगरेको पाईएको हुँदा अव उप्रान्त करार र राहत दरबन्दीमा कार्यरत शिक्षकहरुको बार्षिक रुपमा करार नवीकरण गरेर कामकाजमा लगाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिकाद्‌वारा आर्थिक बर्ष २०७९।०८० मा गरिबी निवारणको लागि लघुउद्‌यम विकास कार्यक्रम अन्तर्गत ७५ प्रतिशत लागत साझेदारीमा आरन व्यावसाय गरिरहेका उद्‌यमीहरुलाई आरन सुधारको लागि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन भएकोमा तपसिलका उद्‌यमीहरुले गाउँपालिकाको खातमा तपसिल बमोजिम रकम जम्मा गरी कार्यालयलाई जानकारी नगराई भौचर आफैसँग लिएर गएकोले गाउँपालिकाले उपलब्ध गराउने प्रविधि सहयोग उपलब्ध गराउन नसकेको हुँदा गाउँपालिकाको खातामा निजहरुले जम्मा गरेको रकम फिर्ताको लागि निवेदन माग समेत भएको हुँदा उक्त रकम आ.व. २०७९/०८० को दायित्व सार्ने शीर्षकबाट फिर्ता गर्ने निर्णय गरियो ।

तपसिल

[signature] [signature]

...प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०८० मंसिर २० गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

| क्र.सं. | नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | गोपाल सुनार | सुनकोशी-५ | १६२५। | |
| २. | सन्तोष वि.क. | सुनकोशी-५ | १६२५। | |

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा ७ नं. वडामा रहेको पाङ्ग्रेटार स्वास्थ्य चौकी हाल प्रि फ्याब भवनमा सञ्चालन रहेको र सो भवन साँघुरो तथा सेवा प्रवाहको लागि कठिन भएको हुँदा निर्माण सम्पन्न भईसकेको आफ्नै सुविधा सम्पन्न भवनमा सार्नको लागि स्वास्थ्य चौकीले पत्राचार समेत गरेको हुँदा नयाँ सुविधा सम्पन्न भवनमा पाङ्ग्रेटार स्वास्थ्य चौकी भवन स्थानान्तरण गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा समपुरक अनुदान सम्बन्धी(तेस्रो संशोधन) कार्यविधि, २०७७ तथा विशेष अनुदान सम्बन्धी(तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक बर्ष २०८१/०८२ मा सञ्चालन हुने १/१ वटा आयोजना/कार्यक्रमका लागि देहाय बमोजिम छनौट गरी पठाउने निर्णय गरियो ।

देहाय

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने वडा | लागत अनुमान | अनुदानको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १. | लप्सेखोला काप्सल सडक स्तरोन्नती | ७ | ४,००,००,०००। | समपुरक अनुदान | गत बर्षको निरन्तरता |
| २. | खोलेखेत भञ्ज्याङ सडक स्तरोन्नती | ७ | ४,००,००,०००। | समपुरक अनुदान | |
| ३. | सुनकोशी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम | सबै वडा | ६,६७,८१,७५०। (रा.यो.आ. रु. ४,९८,१४,०००। र गा.पा. रु. १,६९,६७,७५०।) | विशेष अनुदान | गत बर्षको निरन्तरता |

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा आ.व. ०७०/०८१ को स्वीकृत वडा नं. २ को कर्कले सिञ्चाई पोखरी भनी रकम विनियोजन भएकोमा उक्त योजना विविध कारणले कार्यान्वयन तथा सञ्चालन गर्न कठिनाई रहेको भनी वडा कार्यालयको सिफारिस प्राप्त हुन आएको हुँदा कर्कले सिञ्चाई नामाकरण गरी कार्यान्वयन तथा संचालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४

गा.पा. अध्यक्ष